# अजयमेरु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

# भद्रपुर, डडेल्धुरा ।

# को

# वजेट तथा कार्यक्रम

# आ.व.०७५/७६

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

गाउँसभाका सदस्य महोदय

अजयमेरु गाउँपालिकाको आथिएक वर्ष २०७५।०७६ को वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरवान्वीत भएको छु ।आजको यो एतिहासीक अवसरमा सर्वप्रथम म अग्रगामी परिवर्तनका निमित्त वलिदान गर्नुहुने बाकाविर राणाविरोधी आन्दोलन, २००७ साल देखी २०१७ सालसम्म भएका भिमदत्त पन्त लगायतले गरेको आन्दोलन, पञ्चायत विरोधी आन्दोलन, जनयुद्ध, जनआन्दोलन, मधेष आन्दोलन र हरेक न्याय, समानता, राष्ट्रियता, जनतन्त्र र जनजिविकाका पक्षमा भएका जायज आन्दोलनको क्रममा भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै माथि उल्लेखित आन्दोलनका क्रममा भएका बेपत्ता योद्धाजनलाई सम्मान ब्यक्त गर्न चाहन्छु । सम्पुर्ण घाईते तथा जेलबन्दि योद्धाहरुलाई स्मरण गर्न चाहन्छु । साथै तिनका आश्रित परिवारजनमा हार्दिक सम्मान ब्यक्त गर्न चाहान्छु ।

लामो संर्धषपछि नेपाली जनताको चाहाना अनुरुप संघिय स्वरुपकृ समावेशी जनप्रतिनिधीमुलक राज्य प्रणली स्थापना भएकोछ ।तिनै तहको निर्वाचनवाट लोकतान्त्रीक शाशन प्रणली संस्थागत भएकोछ । यो मौलीक स्वरुपको राजनितीक उपलब्धीसंगै जनताको भरपर्दो साथ र विश्वास पाइ १ वर्षे कार्यकाल समापनको संघारमा रहेको वर्तमान अजयमेरु सरकारलाइ गाउँपालिकाका सम्पुर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिका यात्रामा अविचलीत रुपमा अघि वढ्न र अजयमेरु वासी जनताको सेवामा तल्लिन हुन प्रेरण मिलेकोछ ।

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले स्थानिय तहँ संचालन ऐन-२०७४, नेपाल सरकार तथा प्रदेश सरकार बाट विभिन्न मितीमा जारी गरिएका निती, मार्गदर्शन, तथा सुझाव ,यस अजयमेरु गा.पा.बाट जारी भएका विभिन्न ऐन, नियमावली,कार्यविधी, आचारसंहिता कार्यविधीको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती को बैठक को निर्णय, गाउँकार्यपालिकाका विभिन्न मितीमा भएका निर्णय र गाउँपालिकाका अध्यक्ष ज्युको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान-२०७२, प्रचलित ऐनकानुनको अनुसरण गर्दै जनताका आवश्यकता तथा प्राथमिकिकरण लाइ ध्यानमा दिइ आगामी आ.व.को वजेटको निर्माण गरेको छु

सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,

अव म आ.व. ०७५।०७६ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि गाउँपालिकाको परिचय , सवल पक्ष कमजोर पक्ष अवसर र चुनौतीहरु पेश गर्न चाहान्छु ।

**गाउँपालिकाको परिचय**

नेपालको संविधान २०७२ को धारा ९५ को उपधारा ३ बमोजिम कायम भएका स्थानिय तह गठन गरिएका ७५३ स्थानिय तहमध्ये डडेल्धुरा जिल्लामा रहेका साविकका ५ वटा गा.वि.स.हरु देवलदिब्यपुर, चिपुर, भद्रपुर, अजयमेरु र समैजी समेटेर अजयमेरु गाउँपालिकाको स्थापना गरिएको छ । यस गाउँपालिकाको पूर्वमा अमरगढी न.पा., पश्चिममा बैतडी जिल्लाको मेलौली न.पा., उत्तरमा बैतडी जिल्लाका पाटन न.पा., दक्षिणमा अमरगढी न.पा. र भागेश्वर गा.पा., रहन गएका छन । साविकको भद्रपुर गा.वि.स. को केन्द्रमा नै गाउँपालिका केन्द्र रहन गएको छ । यस गाउँपालिकाको क्षेत्रफल १४८.९ वर्ग कि.मी. रहेको छ । यहाँको जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार १७,०६६ रहेको छ । जसमा महिलाको संख्या ९१७२ र पुरुषको संख्या ७८९४ रहेको छ । । यस गाउपालिकाको पुरुष साक्षरता दर ८१.२०%, महिला साक्षरता दर ५२.५८% रहेको छ भने कुल साक्षरता दर ६५.५८% रहेको छ । यस गा.पा.भित्र मुलभुत रुपमा क्षेत्री, दलित र ब्राह्मण जातीको बाहुल्यता रहेपनि ठकुरी र अल्पसंख्यक वादी समुदाय को पनि बसोवास रहेको छ । यस गा.पा.भित्र अधिकांस हिन्दुहरु वसोवास गरेतापनि छिटफुट रुपमा ईसाई धर्मावलम्वी समेत बसोवास गर्दछन । यस गा.पा.का अधिकांश वासिन्दाहरु डोटेली भाषा बोल्नेहरु भएपनि यहाँ नेपाली भाषा समेत बोलिने गर्दछ । यस गा.पा. भित्र धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक रुपमा अजयमेरु कोट, देवल, जगन्नाथ मन्दिर, डागेश्वरी मन्दिर, गंगेश्वर मन्दिर, दुर्गाभगवती, विरबेताल, कोला समैजी हसंराज रहेका छन ।

प्राकृतिक श्रोत साधनको रुपमा केही स्लेट खानी, फलामखानी, बनजङ्गल, ठूलीगाड, सोर्नाया गाड रहेका छन । ऐतिहासिक डोटी राज्यको राजधानीको रुपमा रहेको अजयमेरु कोट (जुन यसै गा.पा.को वार्ड नं.२ मा रहेको छ) को नामबाट यस गाउँपालिकाको नाम रहन गएको हो ।

***<u>अजयमेरु गा.पा.का सबल पक्षहरु</u>***

- अजयमेरु कोट र देवललाई ऐतिहासिक पर्यटकिय स्थल को रुपमा विकास गरि आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन सकिने ।
- जगन्नाथ, डागेश्वरी, गंगेश्वर, दुर्गाभगवती, चोरा, बेताल र कोला समैजीलाई धार्मिक पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- यस गा.पा. भित्रका ठूला तथा मझौला खोलाको पानीलाई आधुनिक प्रविधी मार्फत सिँचाई गरि ब्यावसायिक तथा आधुनिक कृषी मार्फत कृषीमा आत्मनिर्भर तथा निर्यात गर्न सकिने ।
- पशुपालनलाई ब्यावसायिक र बैज्ञानिक प्रविधी अवलम्वन गरि कृषी पर्यटक क्षेत्र बनाउन सकिने ।
- हिउँदे तथा बर्षे फलफूल र मसलावालीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- नाङ्गा डाँडाहरुमा आयआर्जन हुने खालका विरुवाहरु बृक्षारोपण गरि रोजगारी सृजना र आयस्तर बृद्धी गर्न सकिने ।
- उग्रतारा-मेलौली सडकलाई बहुद्येशिय पञ्चेश्वर विद्युत आयोजनाको पहुँच मार्गको रुपमा विकास गर्न सकिने ।

***अजयमेरु गा.पा.का कमजोर पक्षहरु***

- जलवायु परिवर्तनका कारण पानी मुहानहरु संरक्षण नभई रिचार्ज नहुँदा खानेपानी व्यवस्थापन ।
- गा.पा.को अधिकांश वस्तीमा सडक पहुँच भएपनि खोलामा पुल नहुनु, धुले सडक हुनु, मापदण्ड बमोजिम सडक नभएकाले १२ महिना चल्ने सडक नहुनु ।
- कृषक उत्पादित वस्तुको उचित बजार व्यवस्थापन र भण्डारण नहुनु ।
- उच्च शिक्षा र प्राविधिक शिक्षाको अध्ययन गर्ने शिक्षण संस्थाको अभाव हुनु ।
- परम्परागत कृषी तथा पशुपालन पद्धती ।
- स्वरोजगारका अवसर नहुनु ।
- बाह्य लगानी शुन्य हुनु ।
- नाङ्गो डाँडाकाडा ।
- भौगोलिक विकटता ।
- अस्पताल र एम्बुलेन्स नहुनु ।
- समयमा बर्षा नहुनु ।

**अवसर**

- बैतडी जिल्लाको मेलौली न.पा.संग सहकार्य गरि सोरनाया खोला र भागेश्वर गा.पा.संग सहकार्य गरेर ठुलिगाढमा विद्युत उत्पादन गर्न सकिने ।
- व्यावसायिक पशुपालन र कृषी पकेट क्षेत्र बनाउन सकिने ।
- पर्यटन विकास मार्फत आन्तरिक आय बृद्धी गर्न सकिने ।
- काष्ठजन्य उद्योग स्थापनाका लागी प्रचुर कच्चा पदार्थ हुनु ।
- बर्षे तथा हिउँदे फलफुल र मसलाबाली उत्पादनका लागी उपयुक्त वातावरण हुनु ।
- अधिकांश वस्तीमा सडकको ट्रयाक खुल्नु ।
- अधिकांश बस्तीमा विद्युतिकरण हुनु ।

**चुनौती**

- जनताहरुको परम्परागत सोच ।
- सार्वजनिक निर्माणमा गुणस्तर मापन ।
- परम्परागत सामाजिक कुरिती, कुसंस्कार, घरेलु हिंसा ।
- जनश्रमदान, जनसहभागीताको अभाव ।
- जनशक्ति पलायन रोजगारीका निमीत्त ।
- जङ्गली जीवजन्तुद्वारा खेतीमा हुने हानी ।
- विकासका लागी योजना भन्दा पनि आयोजनाका लागी योजना माग गर्ने सोच ।

सम्मानित अध्यक्ष महोदय,

हाम्रा सामु रहेका कठिनाइका वावभुद पनि गाउँपालिकाको लिएको विकास र समृद्धि हासिल गर्ने लक्ष्य तर्फ उन्मुख रहने गरी वजेट तयार गरेको छु । यो वजेटका उदेह्यहरु निम्न रहेका छन ।

- कृषि शिक्षा स्वस्थ्य पर्यटन एवं भौतिक पुर्वाधारको विकास र विस्तार गरी गाउापालिकालाइ आर्थिक समृद्धितर्फ उन्मुख गर्नु
- उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत स्वधिन र समाजवाद उन्मुख ग्रामिण अर्थतन्त्रको निर्माण गर्नु
- महिला , दलित, उपेक्षीत, र चरम गरिवीको रेखामुनी रहेका गाउँपालिका नागरीकलाइ सामाजिक र आर्थिक समानता कायम गर्नु ।

यि उदेश्यहरु हासिल गर्नका लागी आगामी आर्थिक वषको वजेटका प्राथमिकताहरु देहाय वमोजिम निर्धारण गरेको छु ।

- कृषिमा आत्मनिर्भरता
- गरीवी न्युनिकरण लक्षित कार्यक्रम

- आधारभुत पुर्वाधार विकास
- गुणस्तरीय तथा व्यवसायीक शिक्षाको विकास
- आधारभुत र आकस्मीक स्वस्थ्य सेवामा नागरीकको पहुँच स्थापना
- जल, जमिन र पर्यटनको वैज्ञानिक व्यवस्थापन
- स्वरोजगार उन्मुख कार्यक्रम सन्चालन
- सुचना प्रविधि मैत्रि प्रशासनको विकास

अव म आ.व.०७५/७६ को वजेट तथा कार्यक्रम यहाँहरु समक्ष पेश गने अनुमती चाहान्छु।

*(१) आर्थिक क्षेत्र :*

**(क) कृषी :**

यस गा.पा.को प्रमुख पेशाको रुपमा कृषीको ब्यावसायिकरण, बैज्ञानिकरण, विविधिकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई वोध गर्दै कृषी प्रणालीलाई आधुनिकिकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धीको दिगो आधार तयार गर्ने निती लाइ स्फल पार्न नाङ्गा डाँडा तथा घरबगैंचामा फलफुल बगैंचा स्थापना, कृषक तालिम, कृषी मेला प्रदर्शनी, कृषक अवलोकन भ्रमण, उन्नत र परम्परागत विउ वितरण, उन्नत जातको राँगा, बोका र बहर वितरण, साना सिँचाई तथा प्लाष्टिक पोखरी, भकारो सुधार, तरकारी नर्सरी, च्याउँ उत्पादन, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्द्धन, सहकारी र समुह मार्फत बाखा तथा कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चलन गर्न आवश्यक रकम विनियोजन गरेको छु

- यस आ.व.मा निर्माण र संचालनमा रहेका स्रोतकेन्दमा दुग्ध चिस्यान केन्द्र, ढुवानीमा सहजीकरण लगायतको सेवा थप गरी स्तरीकरण सवलिकरण गर्न नयन स्रोतकेन्द स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु
- कृषिमा व्यवसायीक भैसी पालना गर्ने कृषकलाइ पशु सुत्केरी भत्ता २ हजार र गाउँपालिका भन्दा वाहिरवाट उन्नत जातका भैसी र गाइ आयात गरे वापत ढुवानीमा अनुदान दिन आवश्यक रकम विनियोजन गरेको छु।
- सबैलाइ कृषि पेशामा आर्कषण गरी नमुनाको रुपमा कम्तिमा एक गाउँलाइ नमुना कृषि गाउको रुपमा विकास गर्न रु १० लाख विनियोजन गरेको छु
- शैक्षिक वेरोजगार युवालाइ आधुनिक तथा व्यवसायीक कृषि संग जोड्न युवा संगको लागत साझेदारीमा सामुहीक कृषि ब्यवसाय संचालन गर्न युवा स्वरोजगार चक्रीय कोषको कार्यक्रम संचालन गर्न प्रत्येक वडामा रु ५ लाख वारवरको कोषको लागी रकम विनियोजन गरेको छु।
- वदेल लगायकतका जंगली जनवारको क्षतीको कारणवाट कृषि ब्यवासयमा छाएको नैरास्यता न्युनिकरण गर्नको लागी कृषि विमामा आर्कषण गर्न विमाको प्रिमियममा ५० % अनुदानको ब्यवस्था गरेकोछु ।
- गाउँपालिका स्तरमा समग्र कृषि र पशु को कार्यक्रमको लागी १ करोड वाउन्न लाख पचास हजार विनियोजन गरेको छु।

**(ग) पर्यटन तथा संस्कृती :**

- यस गा.पा.भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकिय क्षेत्रको पहिचान गरि पर्यटन पुर्वाधारको निर्माण गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई भित्र्याउने नीति अनुरुप अजयमेरुको संरक्षणमा तथा गन्तव्य अजयमेरु कार्यक्रमको सुरुवात गर्न १५ लाख विनियोजन गरेको छु।
- स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्द्धनका लागि प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- उपयुक्त स्थानको छनौट गरी होम स्टे कार्यक्रमको सुरुवात गर्न रु १२ लाख विनियोजन गरेको छु।।
- स्थानिय मौलिक संस्कृति, भाषा, भेषभुषा, सभ्यता, संगीत, नृत्यको संरक्षण तथा सम्बर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्न तथा गाउँपालिका स्तरीय कला संस्कृती संग्रालय निर्माण गर्न रु ५ लाख विनियोजन गरेको छु।
- एक वडा एक पार्कको कार्यक्म संचालन गर्न पाचँ वडामा पार्क निर्माण काय सुरु गर्न रकम विनियोजन गरेको छु।
- यस आवमा अजयमेरु महोत्सव लगायतका विविध संस्कृति प्रवर्धद्धनका क्रियाकलाप संचालन गर्न रु ७ लाख विनियोजन गरेको छु।
- समग्र मठ मन्दिरको मर्मत सभार तथा संरक्षणको लागी रु १० लाख विनियोजन गरेको छु।

**(घ) सहकारी :**

- गाउँपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्न सहकारी गठन, पुर्नगठन, विस्तार गरि कृषिलाई सहकारीसँग जोड्न तथा संस्थागत क्षमता अभिबृद्धिका व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

- गाउँपालिका भित्रका विधुत सेवा ग्राहीको मशसुल संकलन गरी  जिल्लामा बुझाउने कार्यमा सहजीकरण गर्ने सहकारी संस्थालाइ यातायात तथा संकलन खर्चमा  सहुलीयत प्रदान गर्न प्रती वडा मासिक २ हजारको को व्यवस्था गरेको छ ।

(ङ) **युवा तथा रोजगारी**

- बेरोजागार युवाहरुको तथ्यांक संकलन गर्न रु २ लाख विनीयोजन गरेको छ ।
- व्यवसायीक कृषि गर्न चाहाने युवाको लागी युवा स्वरोजगार कार्यक्रम मार्फत आवश्यक रकम विनियोजन गरेको छ ।
- युवा सिप विकास तालिमका लागी आवश्यक रकम विनियोजन गरेको छ ।

गाउँपालिका स्तरीय समग्र आथिक विकासका कार्यक्रममा २ करोड ६३ लाख ५० हजार विनियोजन गरेको छ ।

**२ सामाजिक क्षेत्र**

**(क) शिक्षाः**

- शिक्षामा सवैको पहुँच पुर्‍याउदै प्राविधिक, व्यवसायिक र अँग्रजि माध्यमको पढाइ सञ्चालन गर्ने नीति तथा कार्यक्रमलाइ यस वर्ष पनि निरन्तरता दिन तालीम तथा तयारी कक्षाको लागी रु ५ लाख विनियोजन गरेको छ ॥
- शैक्षिक गुणस्तर अबिवृद्धि गर्ने उदेश्यले लागत सहभागताका आधारमा प्रस्ताव माग गरी  यसै आ.व. वाट नमुना विद्यालय स्थापना कार्यक्रम संचालन गर्न रु १५ लाख विनियोजन गरेको छ ।
- गाउापालिकाको एक मात्र प्राविधिक विद्यालयको रुपमा रहेको बाल कल्याण मा.वि पुइलेकको छात्रावास भवन  निर्माण सुरुवात गर्न रु १० लाख विनियोजन गरेको छ ।
- नयाँ प्राविधिक विद्यालय संचालन गर्ने विद्यालयलाई विशेष अनुदान दिन रु ८ लाख विनियोजन गरेको छ ।
- भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम  संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छ  ।
- शिक्षक, अभिभावक तथा विद्यार्थी विच निरन्तर अर्न्तरक्रिया तथा प्र.अ. वैठक संचालन गर्न  गर्न रु ५ लाख विनियोजन गरेको छ ।
- टुहुरा  गरीव द्वन्द पिडित, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तीको लागी रु १ लाख विनियोजन गरेको छ ।
- शैक्षिक गुणस्तर अबिधृद्धि तथा शिक्षक तथा विद्यालय कर्मचारीको मनोवल उच्च राख्न तालिमको व्यवस्था गरेको छ ।
- शिक्षक  अभावको समस्यालाइ न्युनिकरण गर्न कार्यविधी वनाइ स्वयमसेवा शिक्षक कार्यक्रम लागु गर्न रु ३१ लाख  ३४ हजार विनियोजन गरेको छ ।
- गाउँपालिका भित्रकै जनशक्तिलाइ शिक्षामा भित्र्याउन शिक्षक सेवा आयोग तयारी कक्षाको लागी रु ३ लाख विनियोजन गरेको छ ।
- कक्षा आठ र पाचँको परिक्षालाइ थप प्रभावकारी वनाउन रु ५ लाख विनियोजन गरेको छ ।
- विद्यार्थिलाइ शैक्षिक भ्रमणमा सहयोग गर्न रु १ लाख विनियोजन गरेको छ ।

**(ख) स्वास्थ्य**

- स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै प्रभावकारी रुपमा सवै जनताको स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्ने नीति अनुरुप  टाढा रहेका वस्तीहरुमा सं्चालीत सामुदायिक स्वास्थ्य इकाइ लाइ निरन्तरता दिन रु  ८ लाख विनियोजन गरेको छ ।
- No More Home Delivery, मोवाइल भिडियो एक्सरे सेवा ,सामुदायीक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समुदायमा नियमित  स्वस्थ्यकमी भेटघाट कार्याक्रम, डाक्टर सहितको स्वास्थ्य शिवीर र योग शिविर, संचालन गर्न ३१ लाख विनियोजन गरेको छ ।
- स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावलाइ थप प्रभावकारी  वनाउन रु ९ लाख विनियोजन गरेको छ ।
- निसुल्क औषधी वितरण कार्यक्रम वनाइ केहि ससुल्क औषधी निसुल्क वितरणको लागी ११ लाख विनियोजन गरेको छ ।

**(ग) खानेपानी तथा सरसफाई :**

- खानेपानीमा सवैको सहज पहुँच पुर्‍याउँदै स्वच्छ खानेपानी पुर्‍याउने नीति अनुरुप पानी मुहानहरु रिचार्ज गर्न, पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्बर्द्धन गर्न ,बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छ ।
- खानेपानीको सहज पहुचको लागी डिप वोरिङ प्रविधिको सम्भाव्यता अध्ययन गर्न रु १२ लाख विनियोजन गरेको छ ।
- क्रमागत रुपमा रहेका खानेपानी योजना सम्पन्न गर्न टोटरी खानेपानी आयोजना सिमतोलामा रु १ लाख फल्याट खानेपानी आयोजनामा रु ७ लाख राजपानी घुडालेक खानेपानी आयोजनान रु ७ लाख विनियोजन गरेको छ ।

### (घ) खेलकुद तथा मनोरञ्जन

- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद विकासको नीति  अनुरुप समग्र खेलकुद कार्यक्रमलाइ समन्वय गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति निर्माण  गर्न गाउँपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाउँपालिका स्तरीय ,विद्यालय स्तरीय अध्यक्ष रनिङ सिल्ड प्रतियोगिता लगायत विभिन्न खेलकुद प्रतियोगीता संचालन गर्न रु ७ लाख विनियोजन गरेको छ।
- चन्वेताल राष्टियू खेलमैदान निर्माणमा निरन्तरता दिदै रु १० लाख विनियोजन गरेको छ।

### (ङ) लैङ्गिक समानता र समावेशीकरण

- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सेवा सुविधा लगायतका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति अनुरुप महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन गर्न दलित, विपन्न समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अधिवृद्धि सम्वन्धी कार्यक्रम  सन्चालन गर्न रु १२ लाख विनियोजन गरेको छ।
- एकल महिलासँग गाउँ सरकार कार्यक्रम मार्फत आय आर्जनका कार्यक्रमका लागी रु ६ लाख विनियोजन गरेको छ।
- लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्वोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रमका लागी आवश्यक वजेट विनियोजन गरेको छ।
- “ज्येष्ठ नागरिक संग जयराज कार्यक्रम” अन्तरगत ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम लाइ रु १४ लाख विनियोजन गरेको छ।
- सामाजिक सुरक्षालाइ घरदैलोमा पुर्‍याउन घघरमा सामाजिक सुरक्षा कार्यक्रमलाइ निरन्तरता दिएको छ।
- अति विपन्न गरीवलाइ परिचपत्र वितरण गरी नुन, चिनी र तेलमा ३५ प्रतिसत सहुलियत अनुदान दिने कार्यक्रमको सुरुवात गर्न रु १० लाख विनियोजन गरेको छ।
- सेफ हाउस संचालनको लागी रु १ लाख विनियोजन गरेको छ।

गाउँपालिका स्तरमा समग्र सामाजिक विकासका कार्यक्रममा २ करोड ३० लाख चौरान्वे हजार विनियोजन गरेको छ।

## ।३. भौतिक पूर्वाधार विकास

### (क) स्थानीय सडक र यातायात:

- समग्र आर्थिक सामाजिक कृयाकलापहरु विस्तार गर्न गुणस्तरीय सडक निर्माणका लागि एक गाउँ एक सडक मार्फत सवै वडा सदरमुकाम र गाउँपालिका सदरमुकाम जोड्ने १२ महिना चल्ने सडक निर्माण गर्ने नीति अनुरुप खोलिएका ट्रयाकहरुको ग्रेड सुधारी स्तरोन्नती, मोड सुधार र चौडाइ विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छ।
- गाउँपालिकालाइ जिल्ला सदरमुकाम संग जोड्ने ढिमला भद्रपुर सडक( विनय मार्ग) चौडा विस्तार र स्तरोन्नतीको लागी रु ४० लाख विनियोजन गरेको छ।
- चिपुर धारी भुल्कुडा सडक १० लाख, दोगाड चमडा चोरलेक सडक १० लाख, अनारखोली खतेडा गणेशधुरा सडक १० लाख  कानाकोट गुवाडी सडकमा रु ७ लाख,मालभुल देवल सडक रु ५ लाख विनियोजन गरेको छ।
- गाउँपालिका , वडा कार्यालय तथा विषयगत कार्यालयमा मेशीनरी औजार खरीद गर्न १० लाख तथा फर्निचर फिक्सर्स खरीद गर्न १० लाख विनियोजन गरेको छ।
- वर्षामा हुने सडक क्षतीको कारण सडक अवरुद्ध हटाउन तथा सडक सरसफाइ र अन्य आकस्मीक सार्वजनीक मर्मतको लागी मर्मत संभार कोषमा ९ लाख ५० हजार विनियोजन गरेको छ।
- गाउँपालिका सबै वस्तीलाइ गाउँपालिकाको केन्दसम्म सहज पहुँच पुर्‍याउने उदेश्यले वडा नं ६ को राजुल र १ को समैजी वाट संचालन हुने गरी २ वटा गाडी खरीद गरी संचालनमा  ल्याउन ५० लाख विनियोजन गरेको छ।
  ।

### (ख) सिंचाई

- साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अनूरुप अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नया सिंचाई योजनाको शुरुवात गर्न ग्रामिण पुर्वाधार विकास कार्यक्रम मार्फत रु ३२ लाख विनियोजन गरेको छ।

### (ग) भवन तथा सहकारी विकास

- भवन निर्माण आचार संहिता -२०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको नीति कार्यान्वयनमा ल्याइनेछ।।
- गाउँपालिकाको भवन निर्माण यसै आ.व.बाट प्रारम्भ गर्न रु ५० लाख विनियोजन गरेको छ।

- गाउँपालिकाको वजार व्यवस्थापन गर्न र १० लाख विनियोजन गरेको छु ।

**(घ) उर्जा तथा लघु जलविद्युत**

- विद्युतीकरण शत प्रतिशत पऱ्याउनका लागि सम्बन्धित निकायसँग समन्वय गरि आवश्यक पहलकदमी लिइनेछ  साथै वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम सौर्य सडक वत्ति कार्यक्रम कार्यक्रम ससर्त अनुदानको कार्यक्रमवाट संचालन गरीनेछ ।

**(ङ) सञ्चार**

- शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा जडान कायका लागी रु ५ लाख विनियोजन गरेको छु गरिनेछ ।
- यस गाउँपालिकाको आफ्नै वेभसाइट, फेसवुक साइट थप प्रभावकारी वनाउन आवश्यक रकम विनियोजन गरेको छु ।
- नागरिकहरुलाई सूचनामा सहज पहुँच पुऱ्याउन एफ.एम. सञ्चालनका लागि अनुदान को व्यवस्था गरेको छु ।

गाउँपालिका स्तरमा समग्र भौतीक पुर्वाधार विकासको कार्यक्रम तथा आयोजनामा २ करोड ४० लाख विनियोजन गरेको छु ।

**(४). वन ,वातावरण तथा विपद व्यवस्थापन**

- बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतको व्यवस्थापनको नीति अनुरुप “अजयमेरु गाउँबासीको सान एक गाउँ एक उद्यान कार्यक्रम” मार्फत सवै नाङ्गा डाँडामा क्रमिक  रुपमा बृक्षारोपण  गर्न तथा बहुउदेशीय नर्सरी निर्माण कार्यलाइ निरन्तरता दिन रु ११ लाख विनियोजन गरेको छु ।
- विपद व्यवस्थापन कोषमा रु ७ लाख ५० हजार विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डस्टविन वितरण गरि फोहोर मैला व्यवस्थापन कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- Sanitary Landfill Site को निर्माणका लागि स्थान पहिचान गरी निर्माण  गर्न रु ५ लाख विनियोजन गरेको छु ।
- तारजाली खरीद, डस्टविन खरीद तथा मुहान रिचार्ज कार्यक्रम संचालन गर्न १२ लाख विनियोजन गरेको छु
  समग्र गाउँपालिका स्तरीय बन वातावरण तथा विपत व्यवस्थापनको लागी रु ३२ लाख ५० हजार विनियोजन गरेको छु ।
- **(५) संस्थागत विकास,सेवा प्रवाह र सुशासन**
- व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत  गर्न तथा सामाजिक सुरक्षा दर्ता अनलाइन मार्फत गर्न र राजश्व प्रणलीलाइ कम्पुटराइज्ड तथा टोकन प्रणाली लागू  गर्न ७ लाख विनियोजन गरेको छु ।
- न्यायमा सबैको पहुच सुनिस्चीत गर्न न्यायमुलक कार्यक्रम संचालन गर्न रु २ लाख विनियोजन गरेको छु ।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक, क्षमता अभिबृद्धिका गर्नका  लागी मानव संसाधान विकास कार्यक्रममा रु १० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका र सवै वार्डहरुमा क्षतिपूर्ती सहितको नागरिक वडापत्रलागू गरि  डिजिटल नागरिक वडापत्र सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ॥
- सम्पुर्ण राष्ट्रसेवक कर्मचारी शिक्षक, विद्यालय कर्मचारी शिक्षको मनोवलमा उच्च राख्न पुरस्कार र दण्डमा आधारीत प्रोत्साहान प्रणाली लागु गरिने छ । साथै राष्ट्रसेवक कर्मचारीको लागी फिल्ड पोषाक भत्ता  वापत एकमुष्ट वार्षीक रु ३ हजार उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।
- शिक्षक तथा विद्यालय कर्मचारीको मनोवल उच्च राख्न वार्षिक एकमुष्ट रु ३००० प्रोत्साहान भत्ता तथा सबै विद्यालय कर्मचारीहरुलाइ वार्षीक रु ५ हजार पोषाक भत्ता उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।
- महिला स्वास्थ्य स्वयमसेवीकालाइ कार्यसम्पादनमा आधारीत प्रोत्साहान प्रणली लागु गरी अधिकतम ३५००। प्रोत्साहान भत्ता दिने व्यवस्था लाइ निरन्तरा दिइएको छु ।
- “जनतासंग सरकार” को नारा अन्तरगत महिनाको एकचोटी फरकफरक ठाउँमा घुम्ती शिविर आयोजना गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत कार्यालय, वडा कार्यालयलाई पुरस्कृत गरि प्रोत्साहन गर्ने आवश्यक रकम विनियोजन गरेको छु ।

गाउँपालिका स्तरीय समग्र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा रु ५८ लाख ५० हजार विनियोजन गरेको छु ।

**(६) विविध**

- गाउँपालिकाको स्रोतवाट सन्चालन हुन नसकेका ठुला आयोजना संचालन गर्न संघ र  प्रदेशको सहयोगमा संचालन गर्न समपुरक कोषमा रु ५५ लाख विनियोजन गरेको छु ।

- गरीव, विपन्न तथा कडा रोगी लाइ राहात उपलब्ध गराउन गाउँपालिका अध्यक्ष राहात कोषमा रु ३ लाख विनियोजन गरेको छु।
- सरकारी तथा गैह्रसरकारी तवरबाट यस गा.पा. भित्र संचालन हुने समान प्रकृतीका गतिविधीहरुलाई एकिकृत रुपमा लागु गरिनेछ।
- वडाहरुमा टोल विकास संस्था गठन मार्फत जनसहभागीता अभिबृद्धी गर्ने निति लिइने छ।
- योजनालाइ अनुदानमा आधारीत नभै अभियानमा अभारीत वनाइने छ।

अव म वडा स्तरका कार्यक्रम तथा योजनामा विनीयोजीत रकम र विनियोजनको आधार प्रस्तुत गर्दछु।

स्रोत तथा सिमा निर्धारण समितिको निर्णय बमोजिम वडा स्तरका साना योजना तथा कार्यक्रमका लागी विनियोजीत कुल रकमको ७० प्रतिसत रकम समान रुपमा वितरण गरीएको थियो भने २० प्रतिसत मतदाता र १० प्रतिसत विकासको स्तरका आधारमा विनीयोजन गरीएको थियो जस अनुसार वडा नं १ मा रु ४० लाख ५४ हजार ४ सय ८३ रुपया ,वडा नं २ मा ४५ लाख १६ हजार ६ सय ५५ रुपया वडा नं ३ मा ३९ लाख ८६ हजार १ सय ७५ रुपया, वडा नं ४ मा ४० लाख ३४ हजार ८ सय १४ रुपया वडा नं ५ मा ४३ लाख १३ हजार ९ सय ३० रुपया र वडा नं ६ मा ४० लाख ९३ हजार ९ सय ३० रुपया विनियोजन गरेको छु।
माथि उल्लेखीत रकमवाट वडा नं १ मा १६ वटा योजना तथा कार्यक्रम, वडा नं २ मा नमुना वस्ती निर्माण रु ९ लाख, युवा स्वारोजगार कार्यक्रम रु ५ लाख लगायत १४ योजना तथा कार्यक्रम, वडा नं ३ मा दुर्गास्थान मन्दिर निर्माण ९ लाख, दहपाल निलपाल भराड घर निर्माण ६ लाख लगायत १३ योजना तथा कार्यक्रम, वडा नं ४ मा चिपुर पसेला बगरकोट सडक रु १० लाख धारी परकोटा खानेपानी रु ५ लाख लगायत ९ योजना तथा कार्यक्रम वडा नं ५ मा २३ योजना तथा कार्यक्रम र वडा नं ६ मा १६ योजना तथा कार्यक्रममा विनियोजन गरेको छु।

सम्मानित गाउसभा अध्यक्ष ज्यू

- अव म वजेटको विनियोजन र स्रोतको ब्यवस्था सम्वन्धि र अघिल्लो वर्षको विनियोजनवाट भएको खर्च प्रस्तुत गर्ने अनुमती चाहान्छु।

आर्थिक वर्ष २०७५।७६ को लागी कुल रु ३० करोड ३७ लाख ९६ हजार वरावरको वजेट विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु रु २१ करोड २५ लाख ८७ हजार ७ सय ७२ अर्थात ६९.९८ प्रतिसत र पुजिगत रु ९ करोड १२ लाख ८ हजार २ सय २८ अर्थात ३०.०२ प्रतीसत हुन आउछ।

- आर्थिक वर्ष २०७५।७६ का लागी अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरीक राजश्ववाट रु २० लाख, नेपाल सरकारवाट प्राप्त वित्तिय समानीकरण वाट रु ६ करोड ८२ लाख, नेपाल सरकार वाट राजश्व वाडफाड भइ प्राप्त हुने रु ५ करोड ३९ लाख ८९ हजार, नेपाल सरकारवाट प्राप्त शशर्त अनुदान रु १६ करोड ७५ लाख, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण वाट रु ६६ लाख ५१ हजार,प्रदेश सरकार वाट राजश्व वाडफाड भइ प्राप्त हुने रु १९ लाख ५६ हजार,र यस आ.व.मा खर्च नभइ वाकी रहने अनुमानीत बैंक मौज्दात रकम रु ३५ लाख रहनेछ।

  गाउँपालिकाको अघिल्लो आर्थिक वर्षमा विनियोजीत रकम मध्ये जेष्ठ मसान्त सम्म चालु तर्फ १७ करोड २६ लाख १५ रुपया र पुजिगत तर्फ ६ करोड ३० लाख ३५ हजार खर्च भएको छ।

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

अन्त्यमा,

यस वजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य , भौतिक पुर्वाधार, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य, विभिन्न रणनितीक लक्ष्य तथा चौधौ त्रिवर्षिय योजनाको लक्ष्य प्राप्तीमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेको छु।

प्रस्तुत वजेट वनाउन मार्ग दर्शन गर्नुहुने यस गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्ष ज्यु वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,गाउँ सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितीका सदस्यज्यूहरु,बजेट छलफलका क्रममा आ आफ्नो क्षेत्रबाट सुझाब तथा सहयोग गर्ने राजनितीक दल ,नीजी क्षेत्रका संगठनहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज तथा सामुदायिक संस्था, शिक्षक, सामाजिक संगठनहरु पत्रकार र सम्पुर्ण नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै निती तथा कार्यक्रमको कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यबाद
टिका वहादुर विष्ट
संयोजक , आर्थिक विकास समिती